# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५।०७६
च.नं. ८५४

मिति :- २०७५/९/१९

श्री सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सन्धिखर्क, अर्घाखाँची ।

**बिषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. ६०३ मिति २०७५/०७/२९ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम क्रमश: मिति २०७५/०८/१७, ८/२५ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा क्रमश: कालोपत्रे सडक, ग्रामिण सडक र कच्ची ग्रामिण सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा कार्यकारी समितिको मिति २०७५/८/३ को निर्णयानुसार सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यक्रमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यक्रमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई ( कि.मि.) | मर्मत लम्बाई ( कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले ब्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | फुदवाङ-हटारी-शान्तिबगैचा-बैकरोड-गुन्टीखोला-हललाईन-लदाम-च्यानडाँडा, भक्तीटोला-बरकारुख-घोचेखोला- पक्की पुल-चुत्राबेशी हुँदै कुर जाने सडक मर्मत | कालोपत्रे | १२.० | २.५ | ६,०००,९०९.३८ | ४,०००,०००.०० |
| जम्मा | | | | | ६,०००,९०९.३८ | ४,०००,०००.०० |

..........................
इ. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

**बोधार्थ :**

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. :+९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np